नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## नेपाल रेल्वे कम्पनीको प्रबन्ध सञ्चालक नियुक्तिका लागि दरखास्त आव्हान सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२।०६।०८)

नेपाल रेल्वे कम्पनीको प्रबन्ध सञ्चालकको छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि,२०८२को दफा ८ को उपदफा (१) बमोजिम नेपाल रेल्वे कम्पनीको प्रबन्ध सञ्चालक पदमा नियुक्ति गर्न उपयुक्त उम्मेदवारको नाम सिफारिस गर्ने प्रयोजनका लागि देहायबमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले सार्वजनिक विदा बाहेक १५(पन्ध्र) दिनभित्र कार्यालय समयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको प्रशासन महाशाखा, सिंहदरबारमा आइपुग्ने गरी रीतपूर्वकको दरखास्त आव्हान गरिन्छ। उम्मेदवारले दरखास्तसाथ दरखास्त दस्तुर वापत रु ५,०००/-(अक्षरेपी रु पाँच हजार मात्र) राष्ट्रिय वाणिज्य बैंक लि. सिंहदरबार, काठमाण्डौमा रहेको राजश्व खाता नं. १०००१००२०००१००००, राजस्व संकेत नं. १४२२९(अन्य प्रशासनिक सेवा शुल्क) कार्यालय कोड नं ३३७००३५०१ (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) मा दाखिला गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ। उम्मेदवारले पेश गर्नुपर्ने दरखास्त फारामको नमुना भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको वेबसाइट www.mopit.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**<u>उम्मेदवारको लागि निर्धारित योग्यता तथा शर्तहरूः</u>**

नेपाल रेल्वे कम्पनीको प्रबन्ध सञ्चालकको छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८२ को दफा ६ बमोजिम प्रबन्ध सञ्चालक पदमा नियुक्तिको लागि देहायको योग्यता पुगेको हुनुपर्नेछः

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट इञ्जिनियरिङ वा व्यवस्थापन विषयमा स्नातकोपाधि हासिल गरेको,

(ग) व्यवस्थापनको क्षेत्रमा कम्तिमा पाँच वर्षको अनुभव भएको,

(घ) पैंतीस वर्ष उमेर पूरा भई साठी वर्ष उमेर ननाघेको,

(ङ) प्रचलित कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको,

(च) नेपाल रेल्वे कम्पनीको प्रबन्ध सञ्चालकको छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि,२०८२ को दफा ६ को उपदफा (२) बमोजिम अयोग्य नभएको ।

**<u>उम्मेदवारले दरखास्तसाथ अनिवार्य रूपमा पेश गर्नुपर्ने कागजातहरुः</u>**

(क) शैक्षिक योग्यता, कार्य अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन/मोबाइल नम्बर, घर वा कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्त्यमा उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र पेशागत अनुभव पुष्ट्याईं गर्ने कागजातको प्रतिलिपी आवेदक स्वयम्ले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(ग) उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी कम्पनीको व्यावसायिक कार्ययोजना (Business Action Plan) तयार गरी छुट्टै खाममा चार प्रति सिलबन्दी गरी पेश गर्नुपर्नेछ।

**<u>पुनश्चः</u>**

१ स्वीकृत भएका दरखास्तहरु सम्बन्धी सूचना र त्यसपछिका प्रक्रियागत कार्यक्रमहरु भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको वेबसाइट (http://www.mopit.gov.np/) मा प्रकाशित गरिनेछ।

२ संक्षिप्त सूचिमा छानिएका उम्मेदवारहरुले आफ्नो कार्ययोजनाको प्रस्तुतीकरण गर्नुपर्नेछ।

३ प्रस्तुती तथा अन्तर्वार्ताका लागि छनोट भएका उम्मेदवारहरुले दरखास्तसाथ पेश गरेका सक्कल प्रमाणपत्र तथा कागजातहरू अन्तर्वार्ता पूर्व पेश गर्नुपर्नेछ।

४ यस सूचनाका सम्बन्धमा कुनै थप जानकारी आवश्यक परेमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको, प्रशासन महाशाखा(०१४२११६५८) सिंहदरबारबाट प्राप्त गर्न सकिनेछ।

५ कुनै उम्मेदवारले झुठ्ठा कागजात पेश गरेको फेला परेमा छनोट तथा सिफारिस समितिले कुनै पनि चरणमा उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ।